## अन्तर्वार्ता

# अध्ययनशील नेतृत्वले मात्र महिला आन्दोलन हाँक्न सक्छ – मीना आचार्यसँग अन्तर्वार्ता

**देवेन्द्र उप्रेती**

मीना आचार्य नेपाली महिला आन्दोलनमा परिचित नाम हो । आचार्यले भारतको युनिभर्सिटी अफ दिल्लीबाट बीए (सन् १९६०), सोभियत संघको मस्को स्टेट युनिभर्सिटीबाट अर्थशास्त्रमा एमएस (सन् १९६६) र संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ विस्कन्सिन-मेडिसनबाट विकास अध्ययनमा विद्यावारिधि (सन् १९८७) गरेकी छन् । विगत ४५ वर्षदेखि नेपालको विकास, अर्थतन्त्र, लैंगिक सम्बन्ध, वैदेशिक सहयोग, श्रम बजार, राजनीति, गरीबी र योजना जस्ता विषयमा अनुसन्धानरत आचार्यका एक दर्जनभन्दा बढी पुस्तक र दर्जनौँ प्राज्ञिक लेख तथा अनुसन्धान प्रतिवेदन प्रकाशित छन् ।[१] करिब २५ वर्ष (सन् १९६६–१९९०) नेपाल राष्ट्र बैंकमा कार्यरत (अनुसन्धान अधिकृत, आर्थिक सल्लाहकार, प्रमुख आर्थिक सल्लाहकार र विकास वित्त विभाग प्रमुख) आचार्य सन् १९९० को शुरूतिर नीति अध्ययन गर्ने संस्था इन्स्टिच्यूट फर इन्टिग्रेटेड डेभलप्मेन्ट स्टडिज (आईआईडीएस) को कार्यकारी निर्देशक (सन् १९९०–१९९४) भइन् । आचार्यसँग विश्व बैंक, युनिसेफ र युएनएफपीए जस्ता अन्तर्राष्ट्रिय नियोग र गैरसरकारी संस्थामा लामो समय परामर्शदाता भई काम गरेको अनुभव छ । नारीवादी अर्थशास्त्रीको अन्तर्राष्ट्रिय संस्था इन्टरनेशनल एसोसियशन फर फेमिनिस्ट इकोनोमिक्सको बोर्ड सदस्य आचार्य २०७३–२०७४ मा राष्ट्रपति कार्यालयमा महिला सशक्तीकरण तथा आर्थिक विकास सम्बन्धी सल्लाहकार थिइन् । उनलाई नेपाल सरकारले असोज २०७५ मा गठन गरेको नीति अनुसन्धान प्रतिष्ठानको सदस्यमा नियुक्त गरिएको छ । प्रस्तुत अन्तर्वार्ता नेपालको नारीवादी आन्दोलनमा आचार्यको क्रियाशीलता र उनका प्राज्ञिक कर्मले नेपालमा महिला सशक्तीकरणको मुद्दा र महिला आन्दोलनमा पुऱ्याएको योगदानमा केन्द्रित छ ।[२]

[१] आचार्यका छानिएका पुस्तक तथा लेखका सूचीका लागि उप्रेती (सन् २०१८) हेर्नुहोस् ।

[२] यो अन्तर्वार्ता अक्टोबर २०१७ देखि अगष्ट २०१८ सम्म विभिन्न चरणमा गरिएको हो ।

*समाज अध्ययन* १३ : २१९–२३५, २०७५

*महिला आन्दोलनमा तपाईं कहिलेबाट जोडिन आइपुग्नुभयो ?*

मैले महिलाका विषयमा व्यवस्थित रूपमा बोल्न, लेख्न र अध्ययन गर्न थालेको सन् १९७० को दशकको मध्य तिरबाट मात्र हो । यसअघि आफ्ना विषयलाई लिएर सानोतिनो विवाद, झगडा र संघर्ष गरेँ होला, त्यो बेग्लै हो । सन् १९७५ मा आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) ले "महिला र विकास" बारे एक कार्यशाला आयोजना गरेको थियो । आयोजकले मलाई "अर्थ व्यवस्थामा महिलाको भूमिका" भन्ने विषयमा कार्यपत्र तयार गर्न अनुरोध गरे । यस कार्यशालामा प्रस्तुत गरेको कार्यपत्र नै मैले महिलाबारे तयार गरेको पहिलो सामग्री हो । यो लेख्ने क्रममा मैले इस्टर बोजरपको *विमेन्स रोल इन इकोनोमिक डेभलप्मेन्ट* भन्ने पुस्तक पढेँ ।[३] सार्वजनिक तहमा महिलाबारे उपलब्ध तथ्यांकलाई केलाउन थालेँ । महिला र विकासबारे लेखिएका अन्य सामग्री पनि पढेँ । महिलाले गर्ने आर्थिक गतिविधिबारे लेखेको यो कार्यपत्रको त्यहाँ प्रशंसा भयो । सेडाले सन् १९७७ मा प्रकाशित गरेको *विमेन एन्ड डेभलप्मेन्ट* पुस्तकमा यो कार्यपत्र पनि छ ।[४] मेरो प्राज्ञिक जीवनको निर्माणमा यो कार्यशालाको महत्त्वपूर्ण भूमिका छ । किनभने लीन बेनेटसँग मेरो चिनजान त्यहीँ भएको थियो । लीन त्यस बेला विद्यावारिधि शोधार्थीका रूपमा नेपालमा "पर्वते महिलाको सांस्कृतिक भूमिका" बारे अध्ययन गर्दै थिइन् । त्यसपछि लीन र मैले "नेपालका महिलाहरूको मर्यादा स्तर" (द स्टाटस अफ विमेन इन नेपाल) भन्ने अनुसन्धान परियोजनामा अन्य साथीहरूसँगै काम गर्‍यौँ । नेपाली महिलाको वस्तुगत स्थिति तथ्य सहित चित्रण गर्ने कार्य यस अनुसन्धान परियोजनाले गरेको थियो ।

*"नेपालका महिलाहरूको मर्यादा स्तर" अनुसन्धान परियोजनाले महिला आन्दोलनमा पुर्‍याएको योगदान/प्रभावबारे समीक्षा गर्नुअघि यो परियोजना र यसमा तपाईंको संलग्नताबारे केही बताइदिनुहोस् न ।*

सन् १९७७ मा "पर्सी कमिसन" को प्रतिवेदनलाई अमेरिकी काँग्रेसले स्वीकृत गर्‍यो । यो प्रतिवेदनमा संयुक्त राज्य अमेरिकाले आर्थिक सहायता उपलब्ध गराउने कुनै पनि देशमा महिला सम्बन्धी अध्ययन र कार्यक्रम हुनुपर्ने प्रावधान राखेको थियो । मलाई थाहा भएसम्म यो परियोजना नेपालमा ल्याउने व्यक्ति एलेन डिफेन वेकर हुन् (उनी त्यो बेला न्यू एरामा काम गर्थे, त्यो बेलासम्म न्यू एरा नेपालमा दर्ता भइसकेको थिएन) । सम्भवतः उनैले सो परियोजना अघि बढाउन लीन बेनेटलाई अनुरोध गरेको हुनुपर्छ । त्यसपछि "यो अध्ययन गर्नु पर्‍यो, मीनाजी" भन्दै उनी म कहाँ आइन् । आफैले गर्नुपर्ने अध्ययन अर्कााले पैसा दिएर गर्ने

[३] हेर्नुहोस्, बोजरप (सन् १९७०) ।
[४] हेर्नुहोस्, आचार्य (सन् १९७७) ।

भए किन नगर्ने भन्ने सोचेँ । म त्यति बेला नेपाल राष्ट्र बैंकमा आर्थिक सल्लाहकार थिएँ । बैंकको जागिर नछोडिकन बिहान-बेलुका अध्ययन परियोजनामा काम गर्छु भनेँ, लीनले पनि हुन्छ भनिन् । महिला सम्बन्धी अध्ययन कस्तो गर्ने भन्ने खाका त्यो बेला अमेरिकी सहयोग नियोग (युएसएआईडी) ले हामीलाई उपलब्ध गराएको थियो । तर उनीहरूले तयार पारेको प्रश्नावलीले नेपाली समाजलाई समेट्न सक्दैन भन्ने हामीलाई लाग्यो । त्यसपछि हामीले यो अध्ययन खाकालाई पूरै परिमार्जन गऱ्यौँ । हामीलाई के लाग्यो भने नेपालमा बसोबास गर्ने जनजातिहरूको छुट्टाछुट्टै अध्ययन नगरिकन नेपाली समाज (महिला) को यथार्थ आउँदैन ।

शुरूमै परियोजना कार्यान्वयन गर्ने क्रममा समस्या पऱ्यो । नेपालमा दर्ता नभएको संस्था न्यू एराबाट परियोजना सञ्चालन गर्न कानूनी रूपमा मिल्दैनथ्यो । परियोजनालाई अब कसरी अगाडि बढाउने भन्नेबारे धेरै पटक हामीबीच छलफल र सल्लाह भयो । अखिल नेपाल महिला संगठन (अनेमसं) ले मिलेर यो अध्ययन परियोजना सम्पन्न गरौँ भनिरहेको थियो । अन्य केही संस्थाले पनि हामीसँग सहकार्य गर्न रुचि देखाएका थिए । तर सेडामा कमसेकम प्राज्ञिक र अध्ययन संस्कृति भएकाले हामीले यो परियोजना त्यहीँबाट सम्पन्न गर्ने विचार गऱ्यौँ । सेडाबाट यो परियोजना अगाडि बढाउन सकियो भने राजनीतिक हस्तक्षेप पनि कम हुन्छ भन्ने लागेपछि परियोजनाको प्रस्ताव लिएर म र लीन सेडामा गयौँ । सेडाका कार्यकारी निर्देशक खेमबहादुर विष्टले प्रस्ताव हेरिसकेपछि परियोजना सञ्चालन गर्न माने । त्यसपछि स्वीकृतिका लागि अर्थ मन्त्रालयमा निवेदन दियौँ । तर मन्त्रालयबाट यो परियोजनाको स्वीकृति पाउनै गाह्रो भयो । त्यो बेला देवेन्द्रजी [देवेन्द्रराज पाण्डे] सचिव थिए । उनले “देशको अर्थतन्त्र हाँकेर बसेको मान्छे, तपाईं महिलाले कति समय भात पकाउँछन्, के खान्छन् भनेर अध्ययन गर्न जान्छु भनेर आउनुहुन्छ !” भनेर गाली पनि गरे । म र वीना प्रधानले भर्खरै “नेपालको कृषिमा महिलाको भूमिका” शीर्षकमा कार्यपत्र लेखेका थियौँ, त्यही कार्यपत्र आफू अगाडि बसेर देवेन्द्रजीलाई पढ्न अनुरोध गरेँ । फेरि उनी पनि चिनजानकै मान्छे । यसपछि भने बल्ल-बल्ल सो परियोजना स्वीकृत भयो ।

*परियोजना कसरी अघि बढ्यो ? यो परियोजनामा को-को संलग्न हुनुहुन्थ्यो ?*

यो अनुसन्धान परियोजनाको उद्देश्य राष्ट्रिय विकास प्रक्रियामा महिलालाई सम्मिलित गराउन नेपाली महिलाहरूको स्थिति र भूमिका सम्बन्धी जानकारी तयार पार्ने भन्ने थियो । परियोजना तीन चरणमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । सोही अनुरूप पहिलो चरणमा हामीले उपलब्ध तथ्यांक र तथ्यका आधारमा नेपाली महिलाको आर्थिक, सामाजिक, कानूनी तथा विविध स्थितिबारे समीक्षा गरी सेडाबाट पाँच ओटा मोनोग्राफ प्रकाशन गऱ्यौँ । मेरो *स्टाटिस्टिकल प्रोफाइल अफ नेप्लिज विमेन: अ क्रिटिकल रिभ्यु*, लीन बेनेट र शिलु सिंहको *ट्रेडिशन एन्ड चेन्ज इन द लिगल स्टाटस अफ नेप्लिज विमेन*, वीना

प्रधानको *इन्टिच्युसन्स कन्सर्निङ विमेन इन नेपाल*, इन्दिरा श्रेष्ठको *एनोटेटेड बिब्लियोग्राफी अफ विमेन इन नेपाल* र पुष्करराज रिजालको *इन्टिग्रेशन अफ विमेन इन डेभलप्मेन्ट: द केस अफ नेपाल* मोनोग्राफ यसै परियोजनाका उपज हुन् ।[५] दोस्रो चरणमा भने नेपालका आठ ओटा भू-भागमा बसोबास गर्ने भिन्न-भिन्न जनजाति समुदायमा रहेका महिलाको अध्ययन गरियो । यस अन्तर्गत मैले धनुषास्थित सिर्सिया गाउँका महिलाबारे अध्ययन गरेँ । लीन बेनेटले मध्य-पहाडी भू-भागमा बस्ने बाहुन क्षत्री र सार्की महिलाको अध्ययन गरेकी थिइन् । वीना प्रधानले ललितपुरका नेवार महिला र इन्दिरा श्रेष्ठले सिन्धुपाल्चोकका तामाङ महिलाबारे अध्ययन गरेका थिए । त्यसै गरी अगष्टा मोल्नारले रोल्पा थवाङका खाम मगर, द्रोण रजौरेले दाङका थारू महिला र शार्लोट हार्डमनले संखुवासभाका लोहरुङ राई महिलाको अनुसन्धान गरे । सिड्नी शुलरले भने मुस्ताङका तिब्बती भाषा बोल्ने बाह्रगाउँले महिलाबारे स्थलगत अध्ययन गरेकी थिइन् ।[६] यी अध्ययन सन् १९७० दशकको अन्त्य तथा १९८० दशकको शुरूआतका वर्षमा भएका थिए । नेपालका विभिन्न भू-भागमा बस्ने विविध जनजाति (महिला) बारे गरिएको यो स्थलगत अध्ययनले नेपाली समाजमा महिलाको वस्तुगत स्थिति र निर्वाहमुखी अर्थतन्त्रमा महिलाको योगदानलाई तथ्य सहित प्रस्तुत गर्‍यो । साथै, नेपाली समाजमा विभिन्न संस्कृति तथा परम्परा छन् र सोही अनुसार महिलाको स्तरमा पनि भिन्नता छ भनेर आँखा खोल्ने काम पनि यही अध्ययनले गर्‍यो । परियोजनाको तेस्रो चरण भने पहिलो र दोस्रो चरणको अध्ययनको आधारमा महिलाका लागि एउटा राष्ट्रिय कार्य योजना बनाउनु थियो ।

*तपाईंले आफ्ना केही लेख र अन्तर्वार्तामा निर्वाहमुखी अर्थतन्त्रमा महिलाको योगदान र महिला मुद्दालाई अगाडि ल्याउन यो परियोजनाले महत्त्वपूर्ण भूमिका खेलेको बताउनु भएको छ । यसबारे थप बताइदिनुस् न !*

नेपाली समाजमा बसोबास गर्ने महिलाका बहुआयामिक भूमिका, विशेष गरी निर्वाहमुखी (घरायसी) अर्थतन्त्रमा उनीहरूको योगदानलाई यी अनुसन्धानले पहिलो पल्ट बहसमा ल्याए । महिला र पुरुषले दैनिक कति/कसरी समय खर्च गर्छन् र यसबाट आर्थिक उत्पादनमा के असर परिरहेको छ भन्ने तथ्यांक हामीले संकलन/विश्लेषण गरेका थियौँ । लीन बेनेट र मैले विभिन्न आठ गाउँका महिलाबारे गरेको अध्ययनको समष्टिगत विश्लेषणले निर्वाहमुखी

[५] यी प्रकाशनहरूका लागि हेर्नुहोस्, आचार्य (सन् १९७९), बेनेट र सिंह (सन् १९७९), प्रधान (सन् १९७९), श्रेष्ठ (सन् १९७९) र रिजाल (सन् १९७९) ।

[६] यी स्रोत सामग्रीका लागि हेर्नुहोस्, आचार्य (सन् १९८१), बेनेट (सन् १९८१), प्रधान (सन् १९८१), रजौरे (सन् १९८१), मोल्नार (सन् १९८१), हार्डमन (सन् १९८१), शुलर (सन् १९८१) र श्रेष्ठ (मिति नखुलेको) ।

अर्थतन्त्रमा महिलाको बहुआयामिक भूमिका देखायो ।[७] त्यतिखेर निर्वाहमुखी क्षेत्र अत्यन्त ठूलो थियो । अध्ययनले कूल परिवारमध्ये ८५ प्रतिशत निर्वाहमूलक उत्पादनमा लागेका देखायो । पछिल्लो समयमा त्यो क्रमशः घटिरहेको छ । घरायसी आम्दानीमा महिलाको ५४ प्रतिशत र पुरुषको ४६ प्रतिशत योगदान रहेको तथ्य यी अनुसन्धानले पहिलो पल्ट सार्वजनिक गरे । "यदि परिवारका लागि अत्यावश्यक पानी र दाउरा जस्ता वस्तुहरूको खोजीमा लगाएको समयलाई संलग्न गरेको खण्डमा ... महिलाको कार्य बोझ पुरुषको भन्दा ४४ प्रतिशतले बढी छ (पुरुषको ७.५१ घण्टा र महिलाको १०.८१ घण्टा)" हुन्थ्यो ।[८] त्यसै गरी, परम्परागत आर्थिक क्रियाकलापमा महिलाहरूले ४९ प्रतिशत समय काम गर्नुका अतिरिक्त घरायसी कार्यमा ८६ प्रतिशत र अन्य आर्थिक क्रियाकलापमा ७४ प्रतिशत काम गरेको समेत यो अध्ययनले देखायो । परिवारको उत्पादनमा ज्यालादारीबाट मात्र प्राप्त हुने आयबाट नभई मूल्य वृद्धिबाट लेखाजोखा गर्दा कूल आएको ५० प्रतिशत महिलाको योगदान हुन्थ्यो । साथै, धान खेती बाहेक मकै, कोदो, गहुँ र तरकारी जस्ता खेतीमा महिलाको संलग्नता पुरुषको भन्दा बढी थियो । यी विवरणले नेपालको कृषि महिलामा निर्भर छ भन्ने प्रमाणित गऱ्यो । निर्वाहमुखी अर्थतन्त्रमा महिलाको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने तथ्यलाई हामीले बाहिर ल्यायौँ ।

नेपाल जस्तो देशमा मौद्रिक अर्थतन्त्रको मात्र कुरा गरेर जनताको जीवनस्तर र विकासको गति थाहा हुँदैन । किनभने घरमा भैँसी पालेर दूध खायो भने त्यो कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा गनिँदैन, तर दूध बेचेर कोकाकोला खायो भने त्यो दुई चोटि गनिन्छ । त्यसैले, जनताको जीवनस्तर थाहा पाउन जीडीपीको तथ्यांक हेरेर मात्र हुँदैन । यो अध्ययनले यी तथ्यलाई बाहिर ल्याउन सहयोग गऱ्यो । विश्व बैंक जस्ता संस्थामा परामर्शदाता हुँदा होस् वा अन्य क्षेत्रमा होस्, यस्ता तर्कलाई मैले बारम्बार उठाउने गर्छु । यसबारे *फेमिनिस्ट इकोनोमिक्स*मा मेरो "अफ मिल्क एन्ड कोका-कोला" (सन् १९९६) भन्ने छोटो लेख प्रकाशित छ ।[९] यिनै तथ्यलाई देखाउँदै विकासमा महिलाको योगदानको बहसलाई हामीले अगाडि बढायौँ ।

*यी अध्ययनले राज्यले बनाउने आर्थिक (विशेष गरी महिला विकास सम्बन्धी) नीति र महिलाका मुद्दामा के प्रभाव पारे जस्तो लाग्छ ?*

सबैभन्दा पहिलो कुरा, त्यो बेलासम्म महिला सम्बन्धी कार्यक्रमलाई "कल्याणकारी कार्यक्रम" को रूपमा मात्र हेरिन्थ्यो । यतिसम्म कि शिक्षालाई समेत राज्यले "सामाजिक

[७] हेर्नुहोस्, आचार्य र बेनेट (सन् १९८१) ।
[८] हेर्नुहोस्, महिला तथा विकास केन्द्र (२०४३) ।
[९] हेर्नुहोस्, आचार्य (सन् १९९६) ।

कार्यक्रम" मा राख्थ्यो । महिलालाई शिक्षा किन दिने भन्दा महिला शिक्षित भए भने छोराछोरी राम्रोसँग हुर्काउँछन्, घर परिवार र श्रीमान्को राम्रोसँग हेरविचार गर्छन् भन्ने थियो । यस्तो सोचाइ नेपालमा मात्र नभई अन्य देशमा पनि थियो । राज्यले पनि कल्याणकारी दृष्टिकोणलाई ध्यान दिएर मात्र महिला सम्बन्धी कार्यक्रम ल्याउँथ्यो । जस्तै, महिलाका लागि खाना पकाउन सिकाउने, सानोतिनो घरेलु सिलाइबुनाइ गर्ने र पोषणका विभिन्न कार्यक्रम ल्याउने, आदि । विशेष गरी निर्वाहमुखी कृषि महिलामा निर्भर छ भन्ने कुरालाई त्यो बेलासम्म कसैले उठाएका थिएनन् । हाम्रा अनुसन्धानले यी तथ्यलाई बाहिर ल्याए । यसले विकास योजनामा लैंगिक पक्षलाई समावेश गर्न पहिलो पटक व्यावहारिक आधार तयार गऱ्यो । यसपछि योजनाविद् समेतले महिलालाई अर्थतन्त्रका सक्रिय सदस्यका रूपमा आत्मसात गर्न थाले । यसैलाई टेकेर हामीले छैटौँ आवधिक योजना (वि.सं. २०३७–२०४२) मा महिला सम्बन्धी "आर्थिक विकास कार्यक्रम" ल्याउनुपर्छ भनेका थियौँ । पछि यो योजनाले विकास कार्यमा महिला सहभागिता बढाउने नीति अघि साऱ्यो पनि । त्यसपछि क्रमशः साना किसान-केन्द्रित महिला सम्बन्धी कार्यक्रम पनि आयो, महिलाका लागि पेवा बढाउने कार्यक्रम आयो । शुरूबाटै महिलाका लागि विकास कार्यक्रम आउँदा महिलाको कार्य बोझलाई घटाउनुपर्ने कुरालाई पनि ध्यान दियौँ । त्यसैले, यी कार्यक्रममा शिशु स्याहार केन्द्रको स्थापना र पालो-पालो सबैले शिशु हेर्ने, सुलभ खानेपानी साथसाथै आर्थिक आर्जनका कार्यक्रम समेत राखिएका थिए । यो समयमा लघु कर्जामा बैंक र अन्य विकास कार्यक्रममा दातृ निकायले सहयोग गरे । पछि यी कार्यक्रममा एशियाली विकास बैंक र आईप्याड जस्ता संस्थाले लगानी गरेर यसलाई पूर्ण लघु कर्जा कार्यक्रममा लगियो । तर यसको समग्र सामाजिक पक्षलाई भने बेवास्ता गरियो । छैटौँ योजनामा शुरू भएका यी महिला-केन्द्रित विकास कार्यक्रम २०४६ सालपछि तीव्र रूपमा विस्तारित भए । र, यस्ता कार्यक्रमले महिलालाई समूहमा आबद्ध मात्र गरेनन् कि, उनीहरूलाई सामूहिक आवाज उठाउन पनि समर्थ बनाए । पचासको दशकको मध्यबाट यी कार्यक्रमहरू लैंगिक समानता तथा सशक्तीकरणमा केन्द्रित हुन थाले ।

*यी अध्ययन विभिन्न जनजातिको सांस्कृतिक पक्षमा पनि केन्द्रित थिए । विशेष गरी विभिन्न जनजातिमा रहेका लैंगिक सम्बन्ध बुझ्न यी अध्ययनले के सहयोग गरे भन्ने लाग्छ ?*

केही (पश्चिमा) मानवशास्त्रीले विभिन्न सांस्कृतिक समूहको अध्ययन गर्दा यी समूहभित्र रहेको लैंगिक पक्षलाई केही उल्लेख गरेका थिए । यद्यपि फरक-फरक सांस्कृतिक समूहभित्र रहेको लैंगिक सम्बन्धमा हुने विविधताको तुलनात्मक स्थिति देखाउन भने यी अध्ययन कमजोर थिए, अथवा यी अध्ययनको उद्देश्य नै त्यो थिएन । हामीले गरेका अनुसन्धानको मूल ध्येय फरक-फरक सांस्कृतिक/जनजाति समूहभित्र भएको लैंगिक सम्बन्धमा हुने विविधताको तुलनात्मक अध्ययन गर्ने भन्ने थियो । नेपाली समाजको एउटा ठूलो अंश—

गैरआर्य जनजाति समुदाय—नेवार, मगर, तामाङ, भोटे, राई र थारूमा यी अध्ययन केन्द्रित थिए । त्यसै गरी हिन्दू आर्य मूलका ब्राह्मण-क्षत्री समूहको अध्ययन पनि हामीले गरेका थियौँ । यी सांस्कृतिक समूहका महिला प्रतिको भावना, व्यवहार र महिलाको आर्थिक स्रोत माथिको पहुँचबारे अध्ययन गर्न हामीले विभिन्न परिसूचकहरू प्रयोग गरेका थियौँ । यी अध्ययनले गैरआर्य जनजाति समुदायमा भूमि माथिको अधिकार, शिक्षा र रोजगारीका आधुनिक स्रोतमा जनजाति समुदायमा पनि "उच्च" हिन्दू आर्य समुदायको जस्तै पुरुषमा एकाधिकार देखाए । तर हिन्दू आर्य समुदायका महिलालाई भन्दा जनजाति समुदायका महिलालाई सामाजिक मान्यता-प्राप्त जीवन यापनका विकल्पहरू निकै बढी र विभिन्न सांस्कृतिक चालचलनमा सामाजिक प्रतिबन्ध निकै कम रहेको देखियो । जनजाति समुदायका महिलामा आत्मविश्वास, आँट र जीवनलाई बुझ्ने क्षमता ब्राह्मण-क्षत्री समूहका महिलाभन्दा पनि निकै बढी रहेको समेत देखियो । अझ, यी अध्ययनले उही सांस्कृतिक समूहभित्र पनि महिलाको स्तरमा प्रशस्त विविधता छ भन्ने पनि देखाए । जस्तै, नेवार समूहभित्र "उच्च" जातिका मानिने श्रेष्ठ, प्रधान, बज्राचार्य, आदिमा महिलाहरू पुनःविवाह गर्न सांस्कृतिक रूपमा प्रतिबन्धित थिए । तर नेवार समुदायभित्र ज्यापू जातिका महिलाले आफूलाई मन नपरेको वैवाहिक सम्बन्धबाट आफूलाई निकाल्न सक्ने रहेछन् । उनीहरूले पुनःविवाह गरे भने पनि "उच्च" आर्य हिन्दू समूहका महिला जस्तो सामाजिक रूपमा तिरस्कृत हुनु पर्दैनथ्यो । कुनै कारणवश लोग्नेको मृत्यु भएमा जीवनभरि विधवा बस्नुपर्ने मान्यता ब्राह्मण-क्षत्री परिवारमा जस्तो यो समुदायमा थिएन । मैथिल समाजमा केटाकेटीको सानैमा बिहे गरिदिने चलन थियो (अहिले पनि केही छ), तर केटीको गौना नगरिकन केटाको घर जाँदैनथे । यदि विवाहपछि तर गौनाअघि विवाहित केटीले घर जान इन्कार गरिन् वा श्रीमान्को मृत्यु भयो भने उनले पनि पुनःविवाह गर्न पाउने सामाजिक मान्यता थियो । मैथिल ब्राह्मण र राजपूतमा मात्र पुनःविवाह र विधवा विवाहलाई सामाजिक मान्यता थिएन । थारू समुदायमा केटाकेटीको विवाह उनीहरूको सहमतिमा मात्र हुने देखियो ।

नेपाली समाजमा बसोबास गर्ने विभिन्न जनजाति समूहभित्र रहेको लैंगिक सम्बन्धमा हुने विविधताका बहुआयामलाई यी अनुसन्धानले सम्भवतः पहिलो पटक बहसमा ल्याए । त्यो बेलासम्म "उच्च" हिन्दू आर्य समाजबाट आएका कमसेकम हामी जस्ता महिला/पुरुषमा जनजाति संस्कृतिमा महिलाको मर्यादास्तर हाम्रोभन्दा फरक छ भन्ने सोच नै थिएन । हामीले यस्तो नसोच्नमा विभिन्न ऐतिहासिक कारणले काम गरेको थियो । जस्तै, "उच्च" हिन्दू आर्य संस्कृतिका परम्परा मान्ने समूह नेपाली समाजमा प्रभावशाली भयो । र, यसैले गर्दा ऐन कानूनमा समेत हिन्दू सांस्कृतिक तथा सामाजिक प्रचलनले प्रश्रय पाए । "उच्च" हिन्दू आर्य समूहले आफ्नो संस्कृतिलाई नै सम्पूर्ण नेपाली संस्कृतिको संज्ञा दिने र त्यस समाजमा महिलाप्रति गर्ने व्यवहारलाई नै आदर्श मान्ने प्रचलन विस्तार भयो ।

विद्यालय, राज्य-नियन्त्रित सञ्चार माध्यम र अन्य संघ/संस्थाले समेत यस प्रकारको ज्ञान/ मूल्य-मान्यतालाई पुनःउत्पादन गर्ने र नयाँ पुस्तालाई सामाजिकीकरण गर्ने प्रयास भइरह्यो । समग्रमा "उच्च" हिन्दू आर्य समाजमा महिलाप्रति गरिने व्यवहार नै "नेपाली प्रचलन" हो भन्ने मान्यतालाई स्खलन गर्न यी अध्ययनले सहयोग गरे । यो ठूलो उपलब्धि थियो ।

*विभिन्न समुदायका महिलाले गर्ने आर्थिक क्रियाकलापमा समेत यी अध्ययन केन्द्रित थिए, होइन ?*

हो, यी अध्ययनले विभिन्न समुदायका महिलाले गर्ने सबै उत्पादनमूलक क्रियाकलाप, व्यापार, उद्यमशीलतालाई समेत उजागर गरे । यी अध्ययनबाट हिन्दू आर्य समुदायका महिलाभन्दा जनजाति महिला व्यापार/उद्यमशीलतामा अगाडि देखिए । जनजाति समुदायका महिला व्यापारका लागि बजार जाने र सानातिना उद्यम (होटेल सञ्चालन गर्ने, रक्सी बनाउने, कुखुरा पाल्ने/बेच्ने, र चिया चुरोट बेच्ने, आदि) गर्ने कार्यमा स्वतन्त्र थिए । यस प्रयोजनका लागि आवश्यक परेको खण्डमा उनीहरू ऋण लिन समेत स्वतन्त्र थिए । साथै, यस्ता क्रियाकलापबाट प्राप्त हुने आम्दानीमा उनीहरूको पहुँच थियो । तर हिन्दू आर्य मूलका ब्राह्मण-क्षत्री महिला भने व्यापारमा संलग्न हुने अथवा व्यापारका लागि गाउँबाहिर जाने चलन देखिँदैनथ्यो वा ज्यादै कम थियो । घर बाहिर हुने आर्थिक क्रियाकलापमा महिलाको सहभागितालाई आर्य समाजमा राम्रो मानिँदैनथ्यो । यसले गर्दा हिन्दू आर्य मूलका महिलाको "सोशल मोबिलिटी" जनजाति समुदायका महिलाको भन्दा कम थियो । महत्त्वपूर्ण के भने, यो अध्ययन (नेपालका महिलाहरूको मर्यादा स्तर) ले "पैतृक सम्पत्तिमा समान अधिकार" को मुद्दालाई समेत अप्रत्यक्ष रूपमा उठाउने काम गऱ्यो । पचासको दशक (र, त्यसपछि पनि) यो विषय नेपाली महिला आन्दोलनको मूल मुद्दा बन्यो । नेपाली महिला आन्दोलनबारे चासो राख्ने जो कोहीलाई यो अवगत नै छ ।

*यी अध्ययनले वि.सं. २०४० को दशकपछि महिला सशक्तीकरण, राज्यले बनाउने नीति तथा योजना र महिला आन्दोलनलाई प्रभाव पारेको बताउनु भयो । नेपालको महिला आन्दोलनमा तपाईं आफै सहभागी हुनुका साथै यसबारे सार्वजनिक रूपमा बोल्ने, लेख्ने समेत गर्नुभएको छ । समग्रमा नेपालको महिला आन्दोलन कसरी अगाडि बढेको पाउनुहुन्छ ?*

मेरो विचारमा नेपालमा महिला आन्दोलनलाई देशको समग्र आन्दोलनबाट छुट्याएर हेर्न मिल्दैन ।[१०] वि.सं. २००७ अघि महिलाको मुद्दा उठाउनमा राणा विरोधी आन्दोलनमा

[१०] नेपालको महिला आन्दोलनबारे आचार्यले लामो समयदेखि सार्वजनिक रूपमा बोल्दै र लेख्दै आएकी छन् । नेपालको महिला आन्दोलनको परिवर्तित सन्दर्भबारे उनको पुस्तक (आचार्य

लागेका व्यक्तिका श्रीमती, छोरी र दिदीबहिनी जस्ता तिनका पारिवारिक सदस्यको भूमिका थियो । उनीहरूले राज्यबाट सास्ती खेपेका र अनाहकमा दुःख पाएका थिए । त्यो बेलाको महिला आन्दोलनलाई राजनीतिक आन्दोलनको सहायक आन्दोलनको रूपमा पुरुषले पनि मद्दत गरेका थिए । विशेष गरी राजनीतिक परिवार भित्रका महिलाले प्रजातान्त्रिक राज्य व्यवस्थाको स्थापनासँगै बालिकालाई शिक्षा, बाल विवाहमा रोक, बहुविवाह प्रथाको अन्त्य, विधवाले पुनःविवाह र महिलाले विवाह गर्ने स्वतन्त्रता, आदिको माग गरेका थिए । वि.सं. २००७ अघिको महिला आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि भनेको महिलालाई पुरुष सरह मताधिकारको प्राप्ति हो । वि.सं. २००७ देखि २०१७ सम्मको अवधिमा राजनीतिक आन्दोलन विभिन्न खेमामा विभाजित भएकोले महिला आन्दोलन पनि त्यस्तै भयो । यो समयको उल्लेखनीय उपलब्धि भनेको पद्मकन्या कलेजको स्थापना (सन् १९५१) हो, जसबाट सीमित नै भए पनि सम्भ्रान्त वर्गका केही महिलाले "उच्च" शिक्षाको अवसर पाए । वि.सं. २०१७ मा महेन्द्रले विपी कोइरालाको सरकारलाई अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । वि.सं. २०१७ अघि राजनीतिक चेतबाट स्थापना भएका महिला संगठनमध्ये केही भूमिगत भए । र, केही महिला संगठन भने त्यतिकै निष्क्रिय भए । राजनीतिक दल आबद्ध महिला संघ/संगठनमा काम गरेका केही कार्यकर्ता भने पञ्चायती राज्यबाट गठित अखिल नेपाल महिला संगठन (अनेमसं) मा सम्मिलित हुन पुगे ।

*पञ्चायत कालमा महिला अन्दोलन कसरी अगाडि बढ्यो ?*

पञ्चायत अवधिभर (वि.सं. २०१७–२०४६) भएको महिला आन्दोलनलाई भने मैले अलिक फरक तरिकाले हेर्ने गर्छु । मेरो विचारमा यस कालमा भएको राजनीतिक आन्दोलन र महिला आन्दोलनलाई छुट्टाछुट्टै रूपमा बुझ्नु हुँदैन । विशेष गरी राजनीतिक दलका महिला भातृ संगठन र दलप्रति झुकाव राख्नेले खालि आफ्नो दलले मात्र के गऱ्यो भन्नेमा बढी जोड दिन्छन् । तर मलाई लाग्छ, पञ्चायत कालमा महिला आन्दोलन मोटामोटी निम्न तीन फरक धारबाट अघि बढ्यो :

पहिलो धारको नेतृत्व राज्यबाट गठित अनेमसंले गर्थ्यो । यसलाई राज्य-नियन्त्रित महिला आन्दोलन भन्न सकिन्छ । तत्कालीन व्यवस्थालाई समर्थन गर्न राज्यबाट परिचालित यो संगठनको नेतृत्व राज्यमा पहुँच भएको सम्भ्रान्त वर्गले नै गरेको थियो । यो औपचारिक रूपमा राज्यबाट धेरै हदसम्म प्रायोजित गरेको महिला आन्दोलन हो । यद्यपि, अनेमसंले गाउँ गाउँमा महिलालाई एकीकृत गर्ने, महिला संगठन गठन गर्ने र महिलालाई परिचालन

२०६८) केही वर्षअघि प्रकाशित भएको थियो । महिला आन्दोलनबारे आचार्यले सो पुस्तकमा उल्लेख गरेका केही विवरण यो अन्तर्वार्तामा समेत परेका छन् ।

गर्ने काम गऱ्यो । कसै कसैले अनेमसंले महिला मुक्तिको नारा बोकेको थिएन भन्ने तर्क पनि गर्छन् । तर महिला मुद्दालाई उठाउने काम महिलावाद वा नारीवाद हो भने अनेमसंले गरेका कामलाई पनि महिला आन्दोलन भन्नुपर्ने हुन्छ, भलै यसले पञ्चायती व्यवस्थाको समर्थन गर्थ्यो । अनेमसंमा थुप्रै खालका समस्या थिए होलान् तर महिलाको राजनीतिक चेत निर्माण गर्ने कार्यमा यो संगठनले केही न केही भूमिका खेलेको थियो । वि.सं. २०३० को दशकमा सरकारले गाउँ पञ्चायतको कार्यकारी पदमा कम्तीमा एक जना महिला अनिवार्य मनोनयन गर्ने नियम बनायो । यसले पनि महिलालाई आफ्नो राजनीतिक तथा आर्थिक अधिकारबारे सचेत पार्न सहयोग गऱ्यो ।

दोस्रो धार सरकारी/गैरसरकारी क्षेत्र र विश्वविद्यालयमा जागिर खाने, पढे लेखेका, अध्ययन अनुसन्धान गर्ने र राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा अलिअलि महिला आन्दोलनलाई बुझेकाले गरेको आन्दोलन हो । यसलाई प्राज्ञिक हिसाबले गरेको महिला आन्दोलन भन्न सकिन्छ होला । उनीहरूले महिलाले घरायसी अर्थतन्त्रमा गरेको योगदान र महिला अधिकारका मुद्दालाई लेखेर, बोलेर सार्वजनिक छलफलको विषय बनाउन सहयोग गरे । सन् १९७५ को संयुक्त राष्ट्र संघको महिला अधिकार सम्बन्धी घोषणापत्रबाट प्रेरित भएर वा विश्वविद्यालयमा रहेर वा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थामा रहेर उनीहरूले महिलाको स्थितिबारे अनुसन्धान, पैरवी र विकासमा महिलाको सहभागितामा सुधार ल्याउने कार्यमा जोड दिए । यसअघि छलफल गरिएको लीन बेनेट र म लगायत अन्य साथीले सन् १९८० को शुरूको दशकमा सेडा मार्फत गरेको "नेपालका महिलाको मर्यादा स्तर" सम्बन्धी अनुसन्धान परियोजना यसको राम्रो उदाहरण हो ।

तेस्रो धारको नेतृत्व पञ्चायती व्यवस्था-विरोधी आन्दोलनमा लागेका भूमिगत राजनीतिक दलले गरेका थिए । यो आन्दोलन मूलतः प्रजातन्त्र प्राप्तिको आन्दोलन थियो । महिला पनि यस आन्दोलनमा सहभागी भए । विशेष गरी नेपाली काँग्रेसमा आस्था राख्ने महिलाहरू प्रजातन्त्र पुनःबहालीको आन्दोलनमा लागेका थिए । यो धारले देशको प्रजातान्त्रिक आन्दोलन र महिला आन्दोलन सँगसँगै जानु पर्नेमा जोड दिन्थ्यो । यद्यपि, यस अवधिमा नेपाली काँग्रेसले महिला अधिकारका मुद्दालाई दलगत रूपमा खासै उठाएको भने पाइँदैन । नेपाली कांग्रेसमा आबद्ध महिला नेतृत्वमा प्रजातान्त्रिक आन्दोलन सफल भएपछि महिलाका मुद्दा धेरै हदसम्म समाधान हुन्छन् भन्ने विश्वास रहेको देखिन्छ । वामपन्थी दलले भने वि.सं. २०३६ पछि महिलाका मुद्दालाई गम्भीर रूपमा उठाउने काम गरे । राजनीतिक परिचालनका लागि पनि नेपालका वामपन्थी दलले महिलाका मुद्दा उठाए । वि.सं. २०४६ को जनअन्दोलनमा महिलाको सहभागिता उत्साहजनक थियो र उनीहरूमध्ये केहीले वि.सं. २०४७ को संविधानमा आरक्षण र समान नागरिकताको अधिकारको माग समेत अगाडि सारेका थिए । तर २०४६ को आन्दोलनपछि भने राजनीतिक दलले महिला अधिकारको

विषयलाई खासै अगाडि बढाएको देखिएन । उदाहरणका लागि, महिला अधिकारका मुद्दालाई बोकेका दल सहितले २०४७ को संविधान बनाउँदा व्यवस्थापिकामा महिला प्रतिनिधित्वलाई ५ प्रतिशतमा सीमित गरिदिए । त्यसो त महिला आन्दोलनलाई बुझ्ने र व्याख्या गर्ने सन्दर्भमा वामपन्थी दलभित्र प्रशस्तै विरोधाभास देखिन्छ । उदाहरणका लागि, वाम आन्दोलनमा वर्षौं बिताएका महिला नेतृहरू (पुरुष पनि) ले सार्वजनिक वृत्तमा महिलाका मुद्दालाई फाट्टफुट्ट उठाए पनि आफ्नै दलभित्र भने यो मुद्दालाई खासै उठाएनन् वा उठाउन चाहेनन् । त्यसो त नेपालका गैरवामपन्थी राजनीतिक दलमा समेत यो कुरा उत्तिकै लागू हुन्छ । सबै राजनीतिक दलमा पुरुष समकक्षीभन्दा महिला धेरै कमजोर छन् । महिलामाथि हुने उत्पीडन र असमानतालाई कसरी सम्बोधन गर्ने भन्नेमा सबै दलभित्र प्रभावकारी बहस चलेको देखिँदैन । यसले राजनीतिक दलभित्र महिलाका मुद्दाले स्थान नपाएको हो भन्ने जनाउँछ ।

विशेष गरी वामपन्थी आन्दोलनमा लागेका महिलाले महिला मुद्दालाई प्रमुखता नदिनुमा केही दार्शनिक आधार पनि छन् । वामपन्थी विचारधारामा निजी सम्पत्तिको स्वामित्वलाई नै सबै प्रकारका विभेदको मूल कारण मानिन्छ । उनीहरू समाजवादी/साम्यवादी शासन व्यवस्थाले मात्र महिलाको मुक्ति सम्भव छ भन्नेमा विश्वास गर्छन् । र, छुट्टै महिला आन्दोलन उनीहरूका लागि असान्दर्भिक हो । यद्यपि, महिलाको (पुरुषको पनि) राजनीतिक चेत निर्माण गर्नमा विभिन्न दल (वामपन्थी/गैरवामपन्थी) सँग आबद्ध भएका महिला संघ/संगठनको महत्त्वपूर्ण योगदान भने छ । समग्रमा भन्दा, महिला आन्दोलनलाई प्रतिनिधित्व गर्ने यी तीन ओटै धार महिलाका पक्षमा परिवर्तन होस् भन्ने चाहन्थे । पञ्चायती धार पञ्चायत व्यवस्थाभित्रै र प्रजातान्त्रिक धार विद्यमान सामाजिक राजनीतिक संरचनाभित्र यस्तो परिवर्तन चाहन्थ्यो । र, वामपन्थी धार चाहिँ साम्यवादी आन्दोलनका लागि कार्यरत थियो । तर, हामीले के विचार गर्नुपर्छ भने वि.सं. २०५२ मा शुरू भएको १० वर्षे माओवादी सशस्त्र आन्दोलनले भने नारीवादी चेतना निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्यो ।

*माओवादी सशस्त्र आन्दोलनले नारीवादी चेतना निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्यो भन्नुभयो । यसबारे थप बताइदिनुस् न ।*

वि.सं. २०५२ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सशस्त्र आन्दोलन शुरू गर्दा तत्कालीन सरकार समक्ष ४० बुँदे माग प्रस्तुत गरेको थियो । तीमध्ये "पैतृक सम्पत्तिमा छोराछोरीलाई समान अधिकार" दिनुपर्ने भन्ने माग पनि एक थियो । ऐतिहासिक रूपमै शक्ति संरचना र स्रोतको पहुँचबाट आफू वञ्चित भएको अनुभव गर्ने महिला, दलित र जनजाति समूहको उल्लेख्य संख्या यो आन्दोलनमा होमिएको थियो । यसमा महिलाको एक ठूलो समूह "माओवादी जनमुक्ति सेना" र नेकपा माओवादीका विभिन्न भातृ निकायमा संलग्न

थियो । माओवादी जनमुक्ति सेनाले राज्यको सुरक्षा फौज (नेपाली सेना, नेपाल प्रहरी) सँग लडे । राज्य र तत्कालीन नेकपा माओवादी बीचमा भएको सशस्त्र द्वन्द्वले महिलाको जीवन निर्वाह र सुरक्षामा चुनौती खडा गरे पनि यसले महिला कमजोर हुन्छन् भन्ने मान्यतामा ठूलो धक्का पुऱ्यायो । महिलाले बन्दुक बोक्ने वा महिलालाई बन्दुक बोकाउनेबारे धेरैको असहमति होला । हिंसात्मक आन्दोलनमा मेरो पनि सहमति छैन । नेपालको सन्दर्भमा अन्य राजनीतिक दल (विशेष गरी नेपाली कांग्रेस र एमाले) ले महिला (दलित, जनजाति र मधेश) का मुद्दालाई राजनीतिक "प्लेटफर्म" मा ल्याउन सकेकै थिएनन् । नेपाली कांग्रेस, नेकपा एमाले र अन्य दलमा आबद्ध रहेका महिलाले पनि यसलाई स्वीकारेका छन् । महिलाका मुद्दा र अधिकारबारे राजनीतिक दलमा लागेका महिलासँग कुरा गऱ्यो भने त्यो हो भन्छन् । माओवादी सशस्त्र आन्दोलनले भने महिला अधिकारका विषयलाई राजनीतिक मुद्दाका रूपमा स्थापित गर्न सक्यो ।

अर्को महत्त्वपूर्ण कुरा चाहिँ, लामो समयसम्म समाजमा जकडिएर रहेका अनेकौँ सामाजिक-सांस्कृतिक प्रथालाई जरैबाट हल्लाउने र महिला कमजोर हुन्छन् भन्ने मानसिकतामा स्खलन ल्याउने कार्य पनि यस सशस्त्र आन्दोलनले गऱ्यो । जस्तै, जारी र छाउपडी जस्ता प्रथा भएको समाजमा सशस्त्र आन्दोलनमा होमिएका महिलाले "कम्ब्याट ड्रेस" मा बन्दुक बोकेर सेनासँग लड्न थालेपछि समाजमा एक प्रकारको "मानसिक भूकम्प" नै आयो । महिला आन्दोलनबारे म सधैँ भन्ने गर्छु—माओवादीले सशस्त्र (महिला) सेना खडा गऱ्यो, हामीले महिलावादी चेतनामूलक सेना खडा गऱ्यौँ । यी दुवै सेनाले महिला चेतनालाई अगाडि बढाए । साँच्चै भन्ने हो भने, २०४६ पछि नारीवादी चेतना र आन्दोलनमा उल्लेखनीय अभिवृद्धि भयो ।

*माओवादी सशस्त्र आन्दोलन बाहेक २०४६ पछि नारीवादी चेतना निर्माण गर्न अन्य के-केले भूमिका खेल्यो जस्तो लाग्छ ?*

यस अवधिमा माओवादी सशस्त्र आन्दोलन बाहेक नारीवादी चेतना निर्माण गर्न अन्य धेरै कारक तत्त्वले पनि काम गरेको छ । मैले यी तत्त्वलाई नजरअन्दाज गर्न खोजेको होइन । वास्तममै २०४६ पछि गठन भएका सरकार यसअघि पञ्चायत कालमा गठन भएका सरकारभन्दा महिलाका विषयमा निकै उदार थिए । यसै बेला (वि.सं. २०४८ मा) नेपाल सरकारले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिमा हस्ताक्षर गऱ्यो । वि.सं. २०४६ पछि तयार गरिएका पञ्च-वर्षीय योजनामा महिला विकास सम्बन्धी नीति तथा कार्यक्रम समावेश भए । संयुक्त राष्ट्र संघ अन्तर्गतका विभिन्न निकाय तथा दातृ संस्थाले पनि महिलालाई केन्द्रित गरेर विभिन्न कार्यक्रम सञ्चालन गरे । त्यसै गरी, (अन्तर)राष्ट्रिय गैरसरकारी संस्थाले समेत महिला समानता र अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गरे । राजनीतिक दलका महिला भगिनी संस्थाले दलभित्र र बाहिर महिलाका

मुद्दालाई बारम्बार उठाउने काम गरे । यद्यपि, आफ्नै दलमा उनीहरूको आवाज कम सुनियो होला, त्यो बेग्लै कुरा हो । त्यसै गरी महिलाको पक्षमा कानूनी प्रावधानमा भएको अर्को महत्त्वपूर्ण कदम "स्थानीय स्वायत्त शासन ऐन २०५५" हो । यस ऐनले महिला दलित तथा जनजातिलाई स्थानीय निकायमा अनिवार्य प्रतिनिधित्वको कानूनी आधार तयार गऱ्यो । यसै समयमा महिला मुद्दामा केन्द्रित *अस्मिता* (स्थापना २०४५ साल) र महिला मुद्दामा चासो राख्ने अन्य केही पत्रपत्रिकाले पितृसत्ता, पैतृक सम्पत्तिमा समान अधिकार, नारीवाद, महिला आन्दोलन, लैंगिक हिंसा, सुरक्षित गर्भपतन र महिलाको राजनीतिक प्रतिनिधित्व जस्ता विषयमा गहन छलफल चलाए । आम सञ्चार तथा सूचना प्रविधिको विकासले पनि नारीवादी चेतना बढाउन केही न केही भूमिका खेल्यो । विश्वविद्यालयभित्र पनि महिला अध्ययन, लैंगिकता जस्ता विषय पढाउन शुरू गरियो । यी सबैको नारीवादी चेतना निर्माणमा भूमिका रह्यो ।

*समग्रमा नेपाली महिला सशक्तीकरण आन्दोलनलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?*

महिलाका मुद्दा वा विषयलाई उठाउन सक्ने, अलि-अलि महिला समानताका विषयमा पैरवी गर्न सक्ने समूह तयार भएको छ । म जति बेला (झन्डै ४० वर्षअघि) मैथिल महिलाबारे अनुसन्धान गर्दै थिएँ, त्यति बेला उनीहरूले घुम्टोले आफ्नो अनुहार छोप्नु पर्थ्यो, परपुरुषको अगाडि अनुहार देखाउनु हुन्न भन्ने मान्यता थियो र महिलाले अधिकार/ राजनीतिक सहभागिताबारे बहस गर्लान् भन्ने त कल्पना पनि गर्न सकिँदैनथ्यो । तर, तिनै समुदायका महिला अहिले अधिकारको माग गरिरहेका छन्, राजनीतिक प्रतिनिधित्वको आन्दोलनमा सामेल भएका छन् । यो सांकेतिक उदाहरण मात्र हो । ब्राह्मण-क्षत्री लगायत अन्य जनजाति समुदायका महिलामा पनि यस्तो परिवर्तन देख्न सक्नुहुन्छ । उनीहरूमध्ये केही स्थानीय र केन्द्रीय सरकारका प्रमुख पदमा समेत पुगेका छन् । २५ वर्षअघि कुनै सरकारी परियोजना तयार गर्दा महिलाको पक्षलाई पनि विचार गर्नुपर्छ भन्दा सरकारका बहालवाला अधिकारी कुरा नसुन्ने मात्र होइन, हाँस्ने गर्थे । आज सोही ठाउँमा बस्नेहरू लैंगिक मूलप्रवाहीकरणका कुरा गर्छन् । र, यो विषय अहिले सरकारी वा गैरसरकारी सबै क्षेत्रमा "एसेप्टेड एजेन्डा" मात्र होइन अनिवार्य जस्तै भएको छ । विश्वविद्यालयमा लैंगिक अध्ययन जस्ता विषयमा अध्ययन गर्ने विद्यार्थी (महिला र पुरुष दुवै) को संख्या क्रमशः बढिरहेको छ । यी सकारात्मक पक्ष भए ।

तर, महिला आन्दोलनलाई अगाडि बढाउन अहिले थुप्रै चुनौती समेत छन् । यसलाई बुँदागत रूपमा छलफल गरौँ । पहिलो, महिला आन्दोलनलाई हाँक्न वा महिलाका मुद्दालाई अगाडि बढाउन आवश्यक पर्ने सबल र अध्ययनशील नेतृत्वको कमी छ । अनुसन्धान गर्ने, त्यसबाट प्राप्त नतिजामा टेकेर तर्क गर्ने समूहले मात्र अबको महिला आन्दोलन हाँक्न

सक्छ । दोस्रो, राजनीतिक दलभित्र रहेका महिलाले महिलाको मुद्दालाई उठाउन सकिरहेका छैनन् वा चाहिरहेका छैनन् । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने भन्यौँ र त्यसलाई स्वीकार समेत गर्‍यौँ, तर त्यो सहभागिता अर्थपूर्ण भने भइरहेको छैन । पछिल्लो समय हरेक ठाउँमा महिलाको सहभागिता खोज्ने तर उनीहरूको भूमिकालाई स्वीकार नगर्ने पद्धति देखिएको छ । तेस्रो, सरकारी निकाय (जस्तै, सेना, प्रहरी, अदालत) र आम सञ्चार माध्यम महिलामैत्री छैनन् । र, अहिले पनि महिला हिंसामुक्त समाज कल्पना जस्तो मात्र भएको छ । फेरि, महिला सशक्तीकरणको आन्दोलनले समाजमा सबैभन्दा पछि परेका शोषित, दलित तथा विपन्न वर्गका महिलालाई प्रभावकारी रूपले समेट्न सकेको छैन । सीमान्तकृत समुदायका महिलाले आफ्ना अधिकारको अनुभूति गर्न पाएका छैनन् ।

*महिला आन्दोलनलाई अगाडि बढाउन सक्ने सबल र अध्ययनशील नेतृत्वको कमी छ भन्नु भयो, यसबारे थप बताइदिनु हुन्छ कि ?*

सबैलाई थाहा छ, आन्दोलन आफै हुँदैन । आन्दोलनका लागि मुद्दा हुनुपर्छ, मुद्दाको लक्ष्य हुनुपर्छ र यी मुद्दालाई आम सरोकारको विषय बनाउनुपर्छ । महिला आन्दोलन अगाडि बढाउन महिलाका मुद्दालाई पहिचान गर्न सक्ने र यस्ता मुद्दालाई सार्वजनिक बहसमा ल्याउन सक्ने प्राज्ञिक रूपमा सबल समूह र नेतृत्व आवश्यक पर्छ । स्थानीय तथा विश्व परिस्थितिको सही विश्लेषण गरेर उठाइएका र लक्ष्यमा केन्द्रित मुद्दाले मात्र आन्दोलनको रूप लिन सक्छन् । महिला आन्दोलनमा मात्र होइन, जनजाति आन्दोलन, दलित आन्दोलन वा अन्य कुनै पनि सामाजिक-राजनीतिक आन्दोलनमा समेत यो उत्तिकै लागू हुन्छ । तर, अहिले तथ्यमा आधारित भएर बहस गर्ने संस्कृति नेपाली समाजमा कमजोर छ । अध्ययन गरेर तर्क गर्ने समूह देखिँदैनन् । र, सतही प्रकारको “एक्टिभिजम्” बढी भइरहेको छ । यसको खतरा के हुन्छ भने यो भावनात्मक र उत्तेजक हुन्छ । त्यसैले, नेपालको महिला आन्दोलन सतही “एक्टिभिजम्” मै रुमलिने हो कि भन्ने डर पनि छ ।

*किन यस्तो भएको होला ?*

नेपाली महिला आन्दोलनमा अध्ययनशील व्यक्तिको कमी किन भयो ? वा भएका अध्ययनशील महिलालाई पनि किन महिला आन्दोलनले तान्न सकेन ? वा उनीहरू किन आउन चाहेनन् ? यी प्रश्नको स्पष्ट उत्तर मसँग छैन । यसका लागि अनुसन्धान गर्नुपर्छ, सोच्नुपर्छ र बहस गर्नुपर्छ । तर, किन यस्तो भयो होला भनेर म अहिले केही अनुमान गर्न सक्छु । पहिलो, हाम्रा विद्यालय, महाविद्यालय, विश्वविद्यालयले पढ्न सक्ने जमात निकाले पनि सोच्न सक्ने जमात निकाल्न सकेन । अर्थात्, शिक्षण संस्थाले अनुसन्धान गर्न सक्ने जनशक्ति निकालेन । किन यस्तो भयो होला, यो बेग्लै बहसको विषय हो ।

त्यसैले, नेपालमा शिक्षा पद्धति, विश्वविद्यालयलाई सबल नबनाएसम्म अनुसन्धान गर्ने समूह निर्माण गर्न कठिन छ । दोस्रो, अनुसन्धान गर्न सक्ने जनशक्ति तयार गर्ने विषय राज्य र दातृ निकाय दुवैको प्राथमिकतामा छैन । ज्ञानमा लगानी गर्नेतर्फ उनीहरूको ज्यादै कम रुचि छ । सरकार र दातृ निकायले बर्सेनि "एक्सन रिसर्च" का नाममा केही लगानी गरे पनि "बेसिक रिसर्च" मा लगानी गरेका छैनन्, वा ज्यादै कम लगानी गरेका छन् । बेसिक रिसर्चमा पर्याप्त लगानी नगरी नयाँ ज्ञानको उत्पादन र विस्तारको कल्पना गर्न सकिँदैन । तेस्रो, सरकारभन्दा बाहिर अनुसन्धान गर्ने संस्था असाध्य कम छन् र यी अनुसन्धान संस्थामा पनि जुन रूपमा नयाँ पुस्तालाई "रिसर्च मेन्टरिङ" हुनुपर्थ्यो त्यो हुन सकेको छैन । फेरि, हाम्रोमा अनुसन्धानका लागि चाहिने तथ्यांक र अभिलेख राख्ने प्रणाली पनि व्यवस्थित छैन । सार्वजनिक संस्थाको संस्थागत स्मरण कमजोर छ । सबैभन्दा महत्त्वपूर्ण, नेपाली समाजमा अनुसन्धान कर्मको सामाजिक मान्यता ज्यादै कम छ । अरू विषयबारे यसै भन्न सक्दिनँ, तर अर्थशास्त्रमा राम्रो पकड र शैक्षिक उपाधि भएको व्यक्तिका लागि अन्य क्षेत्र (बैंक, सरकार, योजना आयोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/नियोग आदि) मा काम गर्दा उसले प्राप्त गर्ने सामाजिक हैसियत तथा आर्थिक लाभ अनुसन्धान क्षेत्रमा भन्दा धेरै राम्रो छ । यस्तो वातावरणमा अनुसन्धान कर्म फस्टाउन सक्दैन । यसको असर महिला आन्दोलन (र अन्य आन्दोलनमा पनि) मा परेको छ ।

*तपाईंको अबको योजना के छ ?*

विकास, वैदेशिक सहयोग, महिला, श्रम बजार, लैंगिकता, गरीबी, र सामाजिक समावेशीकरण जस्ता विषयमा विगत ४५–५० वर्षदेखि अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने काम गरेँ। सरकारका विभिन्न निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय नियोग र संस्थामा बसेर काम गरेँ। २०४६ सालको परिवर्तन पश्चात् केही समय राजनीतिमा पनि सक्रिय भएँ। आवश्यक परेको बेला लोकतान्त्रिक आन्दोलन, महिला आन्दोलन र अन्य सामाजिक न्यायका आन्दोलनका लागि सडकमा पनि गएँ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आयोजित विभिन्न सभा, सम्मेलनमा यी आन्दोलनबारे आफ्ना कुरा राख्दै आइयो। स्वास्थ्यले साथ दिएसम्म म केही न केही काम गरिरहन्छु। मैले गरेका अनुसन्धान र अन्य कर्मले ज्ञानको विस्तार, लोकतन्त्र, सामाजिक न्याय र महिला आन्दोलनमा के-कस्तो प्रभाव पर्‍यो, त्यो विश्लेषणको विषय हो।

मैले गरेका प्राज्ञिक कर्म र यी कर्मले सार्वजनिक वृत्तमा पारेका प्रभावबारे मनमा लागेका कुरा यस अन्तर्वार्तामा राख्न पाएँ। यस क्रममा मैले आफैले गरेका पुराना काम र अनुभवलाई पुनः सम्झेँ। मेरा लागि यो खुसीको विषय हो। यसका निम्ति तपाईं, मार्टिन चौतारी, अन्तर्वार्ताको पहिलो मस्यौदा पढेर सुझाव दिने प्रत्यूष वन्त र अन्य सबैलाई धन्यवाद।

## सन्दर्भ सामग्री

आचार्य, मीना। २०६८। *नेपालको महिला आन्दोलनका परिवर्तित सन्दर्भ : एक विवेचना*। काठमाडौँ : सहभागी/टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान।

महिला तथा विकास केन्द्र। २०४३। *नेपालमा महिलाहरूको स्थिति : एक सारांश अनुवाद*। काठमाडौँ : महिला तथा विकास केन्द्र।

Acharya, Meena. 1977. The Role of Women in Economic Development. In *Women and Development*. Durga Ghimire, ed., pp. 13–35. Kathmandu: Centre for Economic Development and Administration (CEDA), Tribhuvan University (TU).

Acharya, Meena. 1979. *The Status of Women in Nepal: Statistical Profile of Nepalese Women.* Kathmandu: CEDA, TU.

Acharya, Meena. 1981. *The Maithili Women of Sirsia*. Kathmandu: CEDA, TU.

Acharya, Meena. 1996. Of Milk and Coca-Cola. *Feminist Economics* 2(3): 137–138.

Acharya, Meena and Lynn Bennett. 1981. *The Rural Women of Nepal: An Aggregate Analysis and Summary of 8 Village Studies*. Kathmandu: CEDA, TU.

Acharya, Meena and Lynn Bennett. 1982. *Women and the Subsistence Sector: Economic Participation and Household Decision Making in Nepal*. Washington, D.C.: The International Bank for Reconstruction and Development/The World Bank.

Bennett, Lynn.1981. *The Parbatiya Women of Bakundol*. Kathmandu: CEDA, TU.

Bennett, Lynn and Shilu Singh. 1979. *Tradition and Change in the Legal Status of Nepalese Women*. Kathmandu: CEDA, TU.

Boserup, Easter. 1970. *Women's Role in Economic Development*. London: George Allen and Unwin Ltd.

Hardman, Charlotte 1981. *The Lohorung Rai Women of Pangma*. Kathmandu: CEDA, TU.

Molnar, Augusta. 1981. *The Kham Magar Women of Thabang*. Kathmandu: CEDA, TU.

Pradhan, Bina. 1979. *Institutions Concerning Women in Nepal*. Kathmandu: CEDA, TU.

Pradhan, Bina. 1981. *The Newar Women of Bulu*. Kathmandu: CEDA, TU.

Rajaure, Drone. 1981. *The Tharu Women of Sukhrwar*. Kathmandu: CEDA, TU.

Rijal, Puskar Raj. 1979. *Integration of Women in Development: The Case of Nepal*. Kathmandu: CEDA, TU.

Schuler, Sidney. 1981. *The Women of Baragaon*. Kathmandu: CEDA, TU.

Shrestha, Indira. 1979. *Annotated Bibliography on Women in Nepal*. Kathmandu: CEDA, TU.

Shrestha, Indira. n.d. The Tamang Women of Katerche. CEDA, TU, Kathmandu.

Uprety, Devendra. 2018. Bibliography of Selected Works of Meena Acharya. Available at http://www.martinchautari.org.np/index.php/bibliography; accessed August 30, 2018.

## प्रस्तोता परिचय

**देवेन्द्र उप्रेती** मार्टिन चौतारीका अनुसन्धाता हुन् । उच्च शिक्षा, विधा अध्ययन र प्राज्ञिक संस्थाबारे उनले अनुसन्धान गरेका छन् । द *स्टेट अफ सोसियोलोजी एन्ड एन्थ्रोपोलोजी : टिचिङ एन्ड रिसर्च इन नेपाल* (सन् २०१४) का सह-लेखक उप्रेतीका लेखहरू विभिन्न पत्रपत्रिका तथा जर्नलमा प्रकाशित छन् । ईमेल : upretydevendra@gmail.com